मल्लरानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खलंगा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

मिति २०७८।०४।२१ गतेको ५७ औं गाउँ कार्यपालिका बैठकले गरेका निर्णयहरुः

१. आ.व. २०७७।०७८ को बार्षिक प्रगति समिक्षा गरियो ।समिक्षा अनुसार गाउँपालिकाको आ.व. २०७७।०७८मा कार्यसम्पादन स्तर उत्कृष्ट रहेको पाईयो ।यसैसाथ सम्पूर्ण कर्मचारी र जनप्रतिनिधीहरुलाइ धन्यवाद ज्ञापन गर्ने ।

२. आ.व. २०७८।०७९ को मल्लरानी गाउँपालिकाको एकिकृत बार्षिक कार्यान्वयन कार्ययोजना माथि छलफल गरी स्वीकृत गर्ने।

३. आ.व. २०७८।०७९ को बार्षिक खरिद योजना स्वीकृत गर्ने ।

४. आ.व. २०७८।७९ को गाउँपालिकाको स्वीकृत कार्यक्रमबाट एम्बुलेन्स खरिद शिर्षकमा विनियोजित रकमबाट एम्बुलेन्स खरिदको लागि मल्लरानी गाउँपालिका वडा नं ४ स्थित प्राथमिक स्वास्थ्य केन्द्रलाई दिने ।

५. यस मल्लरानी गाउँपालिकामा रहेका सबै स्वास्थ्य संस्था र सबै आधारभूत विद्यालयहरुमा विद्युतीय हाँजिरी जडान गरि विद्युतीय हाजिरी निर्देशिका २०७८ बमोजिम २०७८ भाद्र १ गतेबाट अनिवार्य रुपमा कार्यान्वयन गराउने ।

६. यस मल्लरानी गाउँपालिकामा कार्यरत स्थानीय तहका कर्मचारीहरुका लागि अनुसूचि ३ बमोजिमको कार्यसम्पादन मुल्यांकन फारम स्वीकृत गर्ने ।

७. यस गाउँपालिकामा रहेका अति गरिब तथा आर्थिक अवस्था कमजोर भई उपचार गर्न नसकेका व्यक्तिहरुबाट आएका निवेदनका छानबिन गरि वास्तविक अति गरिब तथा आर्थिक अवस्था कमजोर भएकाहरुलाइ आर्थिक सहयोग गर्ने ।

८. मल्लरानी गाउँपालिकाको पुरस्कार तथा सम्मान सम्बन्धि मापदण्ड २०७८ सर्वसम्मतले पारित गर्ने ।

९. मल्लरानी गाउँपालिकाको पुरस्कार तथा सम्मान सम्बन्धि मापदण्ड २०७८ बमोजिम तपसिलका कर्मचारी जनप्रतिनिधी विषयगत शाखा र वडा लाई स धन्यवाद प्रमाणपत्रसहित सम्मान गर्ने ।

<u>तपसिल</u>

- उत्कृष्ट कर्मचारी : पारश शाही, स्वास्थ्य संयोजक
- उत्कृष्ट जनप्रतिनिधी : लेख बहादुर थापा, वडा नं २ (सेवा प्रवाह र खर्च प्रतिशत ९४.३%)
- उत्कृष्ट शाखा : पशु सेवा शाखा (९२.९४ प्रतिशत)
- उत्कृष्ट वडा : वडा नं २ (खर्च प्रतिशत ९४.३%)

१०. ईन्द्रध्वज गणबाट प्राप्त माग पत्रका आधारमा खलगा ब्यारेकका लागी हाल सञ्चालनमा आएको खानेपानीको पाईप जिर्ण भई नयाँ पाईपलाईन विस्तारका लागी आधारमा माग आर्थिक वर्ष २०७७।०७८ मा भएको निर्णय पश्चात कोभिड १९ का कारण भुक्तानी हुन नसकेकोले पुनः चालु आ ब मा मिति २०७८।४।१५ गते प्राप्त पत्र अनुसार खरिद गरिएको पाईपको प्राविधिक मूल्यांकन तथा प्रतिवेदनका आधारमा विपद् व्यवस्थापन कोष बाट खर्च व्यहोर्ने।

११. आर्थिक वर्ष २०७८।०८९ मा संघ कार्यक्रम शिर्षक नवीकरणीय उर्जा प्रविधि जडान वायोग्यांस/विद्युतीय चुलो/सुधारियो चुलो/सौर्य उर्जा मा प्राप्त अनुदान रकमबाट गाउँपालिकाका खलंगा क्षेत्रमा जिर्ण रहेका सडक बत्ति मर्मतका

बालकृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

लागी व्यहोर्ने ।साथै गाउँपालिकाका सबै वडालाई सम्बोधन हुने गरी सडक बत्ती जडानका लागी क्षेत्र तथा आवश्यकता पहिचान गरी प्रस्तावना सहित प्रदेश तथा संघमा माग गर्ने ।

१२. मल्लरानी गाउँपालिकाकाको वार्षिक कार्यक्रम अनुसार सेवा परामर्श तर्फको खर्च शिर्षक नं २२४११ र ३११७२ बाट खर्च हुने गरी वडाबाट प्राप्त योजनाहरुको प्राथमिकिकरणका आधारमा विस्तृत परियोजना भाद्र महिना भित्रै तयार सुरु गर्ने ।

१३. गाउँपालिकाका ढुङ्गा, गिट्टी, बालुवा जन्य सामाग्री उत्खननका लागी सारीवाङ्ग धुदी बाँसखोला क्षेत्रबाट बिक्रि वितरणका लागी ठेक्का आवह्वान तयारी गर्ने ।

१४. यस गाउँपालिका वडा नं ५ स्थित शहरी स्वास्थ्य ईकाइ सराङकोटमा हालसम्म विद्युत र खानेपानीको व्यवस्था नभएको हुँदा सोको व्यवस्थापन गर्न व उ सि २२२३१ को सार्वजनिक सम्पतीको मर्मत सम्भारबाट बेहोर्ने निर्णय गरियो ।

१५. मल्लरानी गाउँपालका भित्र व्यवसाय प्रचार प्रसारका लागी राखिएको होडिङ बोर्ड र कवाडी सामाग्री उठाए बापत तोकिएको न्यूनतम मूल्यका आधारमा बोलपत्र आवह्वानको लागी सूचना प्रकाशनका लागि राजश्व शाखालाई जिम्मा दिने।

१६. आर्थिक वर्ष २०७८।०७९ मा स्वीकृत एकिकृत वार्षिक योजना कार्यान्वयनका लागि तपसिलको योजनाहरु आश्विन मसान्त भित्र विद्युतीय बोलपत्र द्धारा ठेक्का प्रक्रिया अघि बढाउन प्राविधिक शाखालाई जिम्मेवारी तोक्ने ।

१७. विविध विषयमा छलफल गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।

मल्लरानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पौंडा, प्युठान

प्रमाणित गर्नेः
बालकृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत

**बालकृष्ण थापा**
**प्रमुख प्रशासकीय अधिकृत**

Scanned with CamScanner